## तिलोत्तमा नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ३) तिलोत्तमा, असोज महिना ६ गते २०७६ साल (अतिरिक्ताङ्ग १८

**भाग : १**

**तिलोत्तमा नगरपालिका**

तिलोत्तमा नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**सम्वत् २०७६ सालको ऐन नं. ४**

**ऐनको नाम : "तिलोत्तमा नगरपालिकाको आर्थिक ऐन, २०७६ (पहिलो संशोधन, २०७६)**

| क.सं | हालको व्यवस्था | संशोधन गरि कायम हुने | संशोधनको कारण |
|---|---|---|---|
| १ | **तिलोत्तमा आर्थिक ऐन २०७६ को दफा ११को उपदफा २ को**<br>(च) लगानी सम्मेलनमा लगानी घोषणा गरि स्थापना | **तिलोत्तमा आर्थिक ऐन २०७६ को दफा ११ को उपदफा २ को**<br>(च) तिलोत्तमा लगानी सम्मेलनमा नगरपालिकाबाट | तिलोत्तमा लगानी सम्मेलन २०७६ |

| | | | |
|---|---|---|---|
| | हुने उद्योग, होटल, व्यवसाय तथा रिसोर्टलाई स्थापनाको ५ वर्ष सम्म नक्सापास, व्यवसाय कर र सम्पत्ति करमा शत प्रतिशत छुट दिईनेछ । | प्रस्ताव गरिएका २२ वटा आयोजनाहरुको सूची भित्रबाट सम्मेलनको दौरानमा लगानी सम्झौता भएका वा सम्मेलन सम्पन्न भएको ६ महिना (१८० दिन) भित्र लगानी सम्झौताको लागि प्रस्ताव पेश हुन आई लगानी सम्झौता भई १ वर्ष भित्र आयोजनाको कार्यारम्भ भएमा यस्ता आयोजनाहरु लाई नगरपालिकाबाट अनुसूची १० बमोजिमको छुट एवं सुविधा उपलब्ध गराउन सकिनेछ ।<br><br>(च१) तिलोत्तमा लगानी सम्मेलनको दौरानमा वा सम्मेलन समापन भएको ६ महिना (१८० दिन) भित्र सम्मेलनबाट प्रभावित एवं आकर्षित भई व्यवसायीहरुबाट उपदफा २ (च) | मार्फत लगानी आकर्षित गर्ने उद्देश्यले कर छुट एवं अन्य सुविधाको प्रावधान राख्नु आवश्यक भएकोले |

| | | | |
|---|---|---|---|
| | | बमोजिम पेश भएका सूची बाहेक लगानीको अन्य आयोजनाहरुको प्रस्ताव पेश हुन आई लगानी सम्झौता भएको १ वर्ष भित्रमा आयोजनाको कार्यारम्भ भएमा यस्ता आयोजनाहरु लाई नगरपालिकाबाट अनुसूची ११ बमोजिमको छुट एवं सुविधा उपलब्ध गराउन सकिनेछ । | |

## अनुसूची १०

**(दफा ११ उपदफा २ को (च) को प्रयोजनका लागि)**

| क्षेत्र वर्गिकरण | | आयोजनाहरु | स्थानीय कर दस्तूरमा दिईने छुट एवं सुविधाहरु | अन्य छुट सुविधाहरु |
|---|---|---|---|---|
| कृषि | १ | एकीकृत कृषिमा आधारित उत्पादन संकलन एवं प्रशोधन केन्द्र ( शितभण्डार सहितको) | **स्थानीय कर दस्तूरमा छुट**<br>क) ५ वर्षको लागि सम्पत्ति तथा भूमीकर, व्यवसायकर र नक्सापास दस्तुर १००% छुट सुविधा दिन सकिनेछ ।<br>ख) त्यस पछिको ५ वर्षलाई ७५% छुट सकिनेछ ।<br><br>**अन्य सुविधाहरु**<br>क) लिज प्रकृयाबाट जग्गा उपलब्ध गराउन आवश्यक सहजिकरण गरिनेछ ।<br>ख)५ करोड भन्दा माथिका आयोजनाको पहुँचमार्ग, विद्युत तथा खानेपानी सुविधाका लागि आवश्यक पहल गरिनेछ । | **प्रस्तावित स्किम समाप्त भए पछि पनि**<br>क)१०० जना सम्म नेपालीलाई रोजगारी दिने आयोजनाको व्यवसाय करमा थप ५ वर्ष सम्म ५०% छुट दिन सकिनेछ ।<br><br>ख) ३०० जना नेपालीलाई रोजगारी दिने आयोजनाको व्यवसाय करमा थप १० वर्ष सम्म ७५% छुट दिन सकिनेछ ।<br><br>ग) ३००-५०० जना नेपालीलाई रोजगारी दिने आयोजनाको व्यवसाय करमा थप १२ वर्ष सम्म ९०% छुट दिन सकिनेछ ।<br><br>घ) ५०० भन्दा बढी नेपालीलाई रोजगारी दिने आयोजनाको व्यवसाय करमा थप |
| | २ | तिलोत्तमा मासु प्रशोधन केन्द्र | | |
| | ३ | तिलोत्तमा एकीकृत दुग्ध संकलन एवं प्रशोधन केन्द्र | | |
| फोहर व्यवस्थापन | ४ | तिलोत्तमा एकीकृत फोहर व्यवस्थापन केन्द्र | | |
| पर्यटन | ५ | मिनी नेपाल | | |
| | ६ | रोहिणी एकीकृत पर्यटन क्षेत्र विकास आयोजना | | |
| | ७ | स्मार्ट बाल उद्यान | | |
| | ८ | ढाक्रेवास एकीकृत पर्यटन विकास आयोजना | | |

| | | | | |
|---|---|---|---|---|
| | ९ | शंकरनगर उद्यान | ग) नगरपालिकाले आवश्यकता र औचित्य हेरी कृषि उत्पादन प्रशोधन एवं दुग्ध प्रशोधन जस्ता उद्योगमा अधिकतम १५% सम्म लगानी गर्न सक्नेछ । | १५ वर्ष सम्म ९५% छुट दिन सकिनेछ ।<br><br>ङ) कृषिमा आधारित उद्योगको व्यवसाय करमा अनिश्चित अवधिसम्म कम्तिमा ५०% छुट दिन सकिनेछ ।<br><br>च) पर्यटन सम्बद्ध होटल लगायतका व्यवसायहरुको व्यवसाय करमा थप ५ वर्षका लागि ५०% छुट दिन सकिनेछ । |
| | १० | बाउन्नकोटी उद्यान | | |
| शिक्षा | ११ | तिलोत्तमा सिटी कलेज | | |
| यातायात | १२ | तिलोत्तमा प्रादेशिक बस पार्क | | |
| | १३ | तिलोत्तमा अटोभिलेज | | |
| | १४ | तिलोत्तमा रिङ्गरोडमा रेलवे | | |
| | १५ | स्मार्ट पार्किङ्ग | | |
| शहरी पूर्वाधार | १६ | तिलोत्तमा विजिनेस हव | | |
| | १७ | स्मार्ट हाटबजार ( गोरकट्टा, योगिकुटी, सेमरा | | |
| | १८ | सोलार विद्युत केन्द्र | | |
| | १९ | ल्याण्ड पुलिङ्ग | | |
| स्वास्थ्य | २० | तिलोत्तमा महिला तथा बाल स्याहार अस्पताल | | |
| | २१ | तिलोत्तमा क्यान्सर अस्पताल | | |
| उद्योग | २२ | तिलोत्तमा औद्योगिक क्षेत्र | | |

## अनुसूची ११

**(दफा ११ उपदफा २ को (च १) को प्रयोजनका लागि)**

<table>
<tr><th>क्र.सं.</th><th>उद्योगको वर्गिकरण</th><th>स्थानीय कर दस्तूरमा दिईने छुट एवं सुविधाहरु</th><th>अन्य छुट सुविधा</th></tr>
<tr><td>१</td><td>कृषि तथा वन पैदावारमा आधारित कच्चा पदार्थबाट बस्तु उत्पादन गर्ने ५ करोड रुपैयाँ भन्दा कम स्थिर पूँजी भएका ठूला उद्योगहरु :</td><td rowspan="4"><u>स्थानीय कर दस्तूरमा छुट</u><br>क) सम्पत्ति तथा भूमीकर, व्यवसायकर, र नक्सापास दस्तूरमा पहिलो ५ वर्ष सम्म ७५% छुट दिन सकिनेछ ।<br>ख)त्यसपछिको ५ वर्ष सम्म ५०% छुट दिन सकिनेछ ।<br><br><u>अन्य सुविधाहरु</u><br>क) ५ करोड भन्दा माथिका आयोजनाको पहुँचमार्ग, विद्युत तथा खानेपानी सुविधाका लागि आवश्यक पहल गरिनेछ ।<br>ख)नगरपालिकाले आवश्यकता र औचित्य हेरी कृषि उत्पादन प्रशोधन एवं दुग्ध प्रशोधन जस्ता उद्योगमा अधिकतम १५%</td><td rowspan="4"><u>प्रस्तावित स्किम समाप्त भए पछि पनि</u><br>क)१०० जना सम्म नेपालीलाई रोजगारी दिने आयोजनाको व्यवसाय करमा थप ५ वर्ष सम्म ५०% छुट दिन सकिनेछ ।<br><br>ख) ३०० जना नेपालीलाई रोजगारी दिने आयोजनाको व्यवसाय करमा थप १० वर्ष सम्म ७५% छुट दिन सकिनेछ ।<br><br>ग) ३००-५०० जना नेपालीलाई रोजगारी दिने आयोजनाको व्यवसाय करमा थप १२ वर्ष सम्म ९०% छुट दिन सकिनेछ ।<br><br>घ) ५०० भन्दा बढी नेपालीलाई रोजगारी दिने आयोजनाको व्यवसाय करमा थप १५ वर्ष सम्म ९५% छुट दिन सकिनेछ ।<br><br>ङ) कृषिमा आधारित उद्योगको व्यवसाय करमा अनिश्चित अवधिसम्म</td></tr>
<tr><td>२</td><td>कृषि तथा वन पैदावारमा आधारित कच्चा पदार्थबाट बस्तु उत्पादन गर्ने ५ करोड रुपैयाँ भन्दा बढी स्थिर पूँजी भएका ठूला उद्योगहरु :</td></tr>
<tr><td>३</td><td>निर्यात जन्य उद्योग : उत्पादित बस्तुको ५० प्रतिशत भन्दा बढी परिमाणमा निर्यात गर्ने अन्य जुनसुकै किसिमका उद्योगहरु</td></tr>
<tr><td>४</td><td>रोजगारमूलक उद्योगहरु : १००</td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | जना भन्दा बढी स्थानीय व्यक्तिलाई रोजगारी प्रदान गर्ने अन्य जुनसुकै किसिमका उद्योगहरु | सम्म लगानी गर्न सक्नेछ । | कम्तिमा ५०% छुट दिन सकिनेछ ।<br><br>च) पर्यटन सम्बद्ध होटल लगायतका व्यवसायहरुको व्यवसाय करमा थप ५ वर्षका लागि ५०% छुट दिन सकिनेछ । |
| ५ | **पर्यटन सेवा**सँग सम्बन्धित १५ करोड रुपैयाँ भन्दा बढी स्थिर पूँजी भएका उद्योगहरु : | | |
| ६ | **सूचना प्रविधिसंग सम्बन्धित उद्योगहरु** : १५ करोड रुपैयाँभन्दा बढी स्थिर पूँजी भएका देहायका उद्योगहरु | | |
| ८ | १५ करोड रुपैयाँभन्दा बढी स्थिर पूँजी भएका कच्चा पदार्थ, सहायक कच्चा पदार्थ वा अर्ध-प्रशोधित कच्चा पदार्थको प्रयोग वा प्रशोधन गरी मालबस्तु उत्पादनगर्ने उत्पादनमूलक अन्य जुनसुकै उद्योगहरु | | |

| | | | |
|---|---|---|---|
| ९ | १५ करोड रुपैयाँभन्दा बढी स्थिर पूँजी भएका निर्माण तथा सेवासँग सम्बन्धित उद्योगहरु | | |
| १० | ५ करोड रुपैयाँभन्दा बढी १५ करोड रुपैयाँसम्म स्थिर पूँजी लगानी भएका सबै किसिमका मझौला उद्योगहरु | | |
| ११ | लघु र घरेलु उद्योग बाहेकका ५ करोड रुपैयाँसम्म स्थिर पूँजी लगानी भएका सबै किसिमका साना उद्योगहरु | | |
| १२ | अन्यत्रबाट स्थानान्तरण भई आउने उद्योगहरु | | |

**आज्ञाले**

**प्रमाणीकरण मितिः २०७६/६/२**

**(कृष्णप्रसाद सापकोटा)**
**प्रमुख प्रशासकीय अधिकृत**